# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल ।

## सामुदायिक विद्यालयहरूको अन्तिम लेखापरीक्षणका लागि दरखास्त आह्वान गरिएको सूचना

सूचना प्रकाशन मिति : २०८०/११/०४

भीमेश्वर नगरपालिकाको सामुदायिक विद्यालयको आर्थिक कार्यविधि सम्बन्धी नियमावली २०७५ (पहिलो संशोधनसमेत) अनुसार यस नगरपालिका अन्तर्गतका ३९ ओटा सामुदायिक विद्यालयहरूको अन्तिम लेखारीक्षण गराउनुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियमावलीबमोजिम लेखापरीक्षण गर्न योग्यता पुगेका लेखापरीक्षकहरूमध्ये विद्यालयको आर्थिक वर्ष २०७९/८० को आर्थिक कारोबारहरूको लेखापरीक्षण गर्न ईच्छुक लेखापरीक्षकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र विद्यालयको लेखापरीक्षणको विषय उल्लेख गरी भीमेश्वर नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुपर्ने छ । विद्यालयको लेखापरीक्षणका लागि भीमेश्वर नगरापालिकाको e-mail: ict.bhimeshwor@gmail.com बाट समेत दरखास्त पठाउन सकिने छ । दरखास्तमा लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नम्बर लगायतका विवरण स्पष्ट उल्लेख गनुपर्ने छ । दरखास्तका साथ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाण-पत्र तथा पेशागत प्रमाण-पत्र (हालसम्मको नवीकरण) को छायाँ प्रति, फर्म दर्ताको प्रमाण-पत्र (हालसम्मको नवीकरण) को छायाँ प्रति र आ.व. २०७९/८० को कर चुक्ता प्रमाण-पत्रको छायाँ प्रति संलग्न गनुपर्ने छ । विद्यालयको लेखापरीक्षण गरेवापत वार्षिक दस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा पाँच हजार रुपैयाँसम्म, त्यसपछि पच्चिस लाख रुपैयाँसम्मको आर्थिक कारोबारमा प्रतिहजार थप तीन रुपैयाँ र त्यसपछि प्रतिहजार थप एक रुपैयाँ पचास पैसाको दरले पारिश्रमिक सम्बन्धित विद्यालयबाट भुक्तानी हुने छ । यस विषयमा विस्तृत जानकारीका लागि भीमेश्वर नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत